नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४२८

मितिः २०८२/०३/१०

नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

विषयः- वाह्य मिचाहा प्रजाति न्यूनीकरण गर्न सहयोग सम्बन्धमा।

वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको च.नं. १४४६ मिति २०८२/०३/०५ को वाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीति तथा कार्यान्वयन योजना, २०८१ सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

<u>नोटः</u> "वाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीति तथा कार्यान्वयन योजना, २०८१" वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वेवसाइट www.frtc.gov.np मा उपलब्ध छ।

२०८२/३/१०

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

( ........................................................ महाशाखा)

पत्र संख्याः- ०८१/०८२

चलानी नं.:- १४४६

मितिः २०८२ /०३/०५

नेपाल संवत ११४५,दिल्लागा

सङ्घीय मामिला तथा सामान्य ...
दर्ता नं.:- 8258
मितिः- 3/5

**विषयःवाह्य मिचाहा प्रजाति न्यूनीकरण गर्न सहयोगका लागि अनुरोध ।**

श्री स्थानीय पालिका कार्यालयहरू (सबै)।

उपरोक्त सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मिति २०८१/१२/१७ ( मा. मन्त्रीस्तर) को निर्णयद्वारा **"वाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीति तथा कार्यान्वयन योजना, २०८१"** स्वीकृत भएको छ । उक्त रणनीति तथा कार्यान्वयन योजना सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू बाट मिति २०८२।०१।२७मा सार्वजनिक (विमोचन) भएको जानकारीको लागि अनुरोध छ।विदेशी मुलुकहरूमा उत्पत्ति भई जान-अन्जानमा नेपालमा प्रवेश गरेका यस्ता वाह्य मिचाहा प्रजातिहरूले देशका वन, घाँसे मैदान, चरन क्षेत्र, सिमसार, कृषि प्रणाली, जैविक विविधता, वन्यजन्तु तथा मानव स्वास्थ्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गम्भीर नकारात्मक असर पार्दै आएका छन् र भविष्यमा यो अझै भयावह रुपमा फैलिने र स्थानीय वातावरण, जिविकोपार्जन देखि राष्ट्रिय रुपमा नै संकटको रुपमा फैलिन सक्ने जोखिम रहेको छ । यस्तो भयावह नकरात्मक परिणाम देखिन सक्ने आफ्ना कार्यक्षेत्रभित्र देखा परेका यस्ता वाह्य मिचाहा प्रजातिहरूको पहिचान, रोकथाम तथा द्रुत व्यवस्थापनका साथै सो रणनीति कार्यान्वयनका लागि आवश्यक व्यवस्थाको लागि सादर अनुरोध छ।उक्त रणनीति तथा कार्यान्वयन योजना वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वेबसाइट www.frtc.gov.npमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

श्री प्या.ते.शि. शाखा

.....................
सुनिता उलक
उपसचिव प्रा.

**बोधार्थ -**

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार,काठमाडौः जानकारीको लागि अनुरोध छ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाडौः जानकारीको लागि अनुरोध छ ।

ई-मेलः info@frtc.gov.np, वेभसाइटः www.frtc.gov.np महानिर्देशक : ५३३३५१०, ५३६९४९१, उप-महानिर्देशक : ५३२४९४३, ५३५६४६९, ५३१५१२९, प्रशासन शाखा : ५३२०४८२,आर्थिक प्रशासन शाखा : ५३२७८९१, योजना : ५३२०१५९, तालीम : ५३२३७३१, ५३२२७०८